लोक सेवा आयोग

# काठमाडौं कार्यालय

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## नेपाली सेनाको अधिकृत क्याडेट पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १८६।०७८-७९, मिति २०७९।०३।०७**

लोक सेवा आयोग, काठमाडौ कार्यालयले सञ्चालन गर्ने **नेपाली सेना**को मिति २०७८।०९।१८ गते प्रकाशित विज्ञापन नं. ०७८/७९/४७(खुला तथा समावेशी), **अधिकृत क्याडेट** पदमा श्री भर्ना छनौट निर्देशानलय, कार्यरथि विभाग, जंगी अड्डाबाट लिखित परीक्षाका लागि छनौट भएका उम्मेद्‌वारहरुको लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गर्ने गराउने गरी तपशिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १$\frac{1}{2}$ घण्टा अगावै पुग्नु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**तपशिल**

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | पद, सेवा | विषय | लिखित परीक्षाको मिति र समय | अवधि |
|---|---|---|---|---|
| ०७८/७९/४७ (खुला तथा समावेशी) | अधिकृत क्याडेट, सैनिक साधारण | अंग्रेजी (वस्तुगत र विषयगत) | २०७९।०३।२० गते, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| | | नेपाली (वस्तुगत र विषयगत) | २०७९।०३।२१ गते, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |
| | | गणित (विषयगत र वस्तुगत) | २०७९।०३।२२ गते, दिनको २:०० बजे | २ घण्टा ३० मिनेट (विषयगत २ घण्टा १५ मिनेट र वस्तुगत १५ मिनेट) |
| | | सामान्य ज्ञान (वस्तुगत) | २०७९।०३।२३ गते, दिनको २:०० बजे | १ घण्टा ३० मिनेट |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको दर्ता नं. | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १. | ७००८ देखि ७८२२ सम्म | २०० जना | श्री ब्रिलियन्ट बहुमुखी क्याम्पस, सिफल |
| २. | ७८२३ देखि ८७११ सम्म | २०० जना | श्री टेक्सास कलेज अफ म्यानेजमेन्ट एण्ड आई.टी., सिफल |
| ३. | ८७१२ देखि ९४९७ सम्म | २०० जना | श्री टेक्सास कलेज (क), मित्रपार्क |
| ४. | ९५०१ देखि १०४३० सम्म | १८५ जना | श्री टेक्सास कलेज (ख), मित्रपार्क |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । वस्तुगत उत्तरपुस्तिकामा सिसाकलमको प्रयोग गर्न पाइने छैन ।
३. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।

लोक सेवा आयोग

**काठमाडौं कार्यालय**

(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा **अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

६. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

**द्रष्टव्य २**:- **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू:**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।

५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्न पाइने छैन ।

६. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८५ वा मोवाईल नम्बर ९८४१७७७६७०, ९८५८०४२२७१ वा नेपाली सेनाको मोवाईल नं ९८६१३६६२६० मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ............................. |
| (निरञ्जनप्रसाद पोखरेल) | (अभिराज डाँगी) | (चन्द्रकान्त निरौला) |
| नायव सुब्बा | शाखा अधिकृत | उपसचिव |